# "सानीभेरी गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७६"

गाउँपालिका अध्यक्षले प्रमानीकरण गरेको मिति- २०७६/१०/ ०५ गते ।

वेबसाइटमा अपलोड गरेको मिति- २०७६/१०/०६ गते ।

## प्रारम्भिक

सानीभेरी गाउँपालिकामा गाउँ सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन नियमिति, व्यवस्थित र प्रभावकारी तुल्याउन कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२,५) ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँपालिका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७६ कार्यपालिका वैठकवाट २०७६/०९ पौष २५ गते स्वीकृत गरी यो कार्यविधि गाउँपालिकाभरी लागुहुने गरी जारी गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१. १. संक्षिप्त नाम र प्रारम्भ (क) यस कार्यविधिको नाम सानीभेरी गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन सम्वन्धी कार्यविधि २०७६ रहनेछ ।

(ख) यो कार्यविधि सानीभेरी गाउँपालिकाको गाउँ कार्यपालिका बैठकले स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरेपछि कार्यान्वयनमा आउने छ ।

## परिच्छेद २

## अनुगमन तथा मूल्याङ्कनको क्षेत्र

### २.१. अनुगमन र मूल्यांकनको क्षेत्र

(क) सानीभेरी गाउँपालिकाको कार्यालय र सो अन्तर्गतका विभिन्न विषयगत शाखा, वडा कार्यालयहरुबाट सम्पादन गरेका कार्यहरु,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी निकाय/संघ-संस्थाहरुबाट सम्पादन भएका कार्यहरु ।

### २.२ अनुगमन तथा मूल्याङ्कन विधि-

(क) सूचकहरुको पहिचान र तयारी ।

(ख) सूचकहरु तथा प्रतिवेदनहरुको विश्लेषण ।



नरबहादुर पुन
अध्यक्ष

(ग) स्थलगत भ्रमण-अध्ययन ।

(घ) टेलिफोन सम्पर्क ।

(ङ) औपचारिक/अनौपचारिक भेटघाट र छलफल ।

(च) कार्यदल गठन ।

(छ) गोष्ठी संचालन तथा अन्तरक्रिया ।

(ज) अन्तरवार्ता तथा प्रश्नावली फारम ।

(झ) प्रतिवेदन तयारी ।

(ञ) अनुगमन तथा मूल्याङ्कन अन्तगत विभिन्न चरणका कार्यहरु ।

**२.३ अनुगमन सम्बन्धी चरणहरुः**

**प्रथम चरण**

(क) अनुगमन तथा मूल्याङ्ककनका लागि आवश्यक बजेट विनियोजन गर्ने ।

(ख) अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना तयार गर्ने ।

(ग) आवश्यक अनुगमन तथा मूल्यांकनका सूचकहरु सहित फारमहरु तयार गर्ने ।

**दोस्रो चरण**

(क) सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुको स्थलगत अनुगमन गरी आवश्यक सूचना र जानकारीहरु संकलन गरी प्रतिवेदन तयार गर्ने ।

(ख) नियमित अनुगमन तथा मूल्यांकन गरी चौमासिक रुपमा कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने र प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने ।

**२.६ अनुगमन तथा मूल्याङ्कन समिति-**

सञ्चालित योजना तथा कार्यक्रमहरुको लागत, परिमाण, समयसीमा र गुणस्तरियताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्नेछः-

(क) उपाध्यक्ष - संयोजक

(ख) अध्यक्षले तोकेका दुईजना कार्यपालिका सदस्यहरूमध्ये (महिला र दलित) बाट सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख, योजना शाखा - सदस्य सचिव



नरबहादुर पुन
अध्यक्ष

२.६.१ अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः-

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए, नभएको यकिन गर्ने र नगरेको पाईएमा सम्वन्धित पक्षलाई सचेत गराउने ।

(ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, सुपरिवेक्षण र मूल्यांकन गर्नुपर्नेमा सो अनुरुप गरे, नगरेको विषयमा अनुगमन गरि आवश्यक निर्देशन दिने ।

(घ) निर्धारित गुणस्तर अनुसार काम भए वा नभएको सम्वन्धमा आवश्यक सुपरिवेक्षण गर्ने।

(ङ) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको सम्वन्धमा आवश्यक अनुगमन गर्ने ।

(च) कुनै योजना अथवा कार्यक्रम को बजेट, नामाकरण, बजेट शिर्षक बजेट रकमान्तर गरी संशोधन गर्नुपर्ने भएमा अनुगमन गरी बैठकमा सिफारिश गर्ने ।

(छ) विषयगत शाखा र अन्य क्षेत्रवाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

(ज) गैरसरकारी संञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने ।

(झ) समितिले आवश्यक ठानेका अन्य योजना तथा कार्यक्रमहरु नियमितरुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने।

(ञ) समितिले समय समयमा गरेको अनुगमन तथा सुपरिवेक्षण गरी सो को चौमासिक र बार्षिक प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्ने ।

**आचारसंहिता**

(क) अनुगमन गर्ने व्यक्ति तथा पदाधिकारीहरुले राजनैतिक पूर्वाग्रह राखि काम गरेको देखिन नहुने ।

(ख) अनुगमन गर्दा देखिएको बस्तुगत यथार्थलाई प्रतिवेदनमा समेटेको हुनु पर्ने ।

(ग) अनुगमनमा प्रतिवेदन व्यक्ति विशेष केन्द्रीत नभई संस्थागत विषय सवालमा केन्द्रित हुनु पर्ने ।



नरबहादुर पुन
अध्यक्ष

(घ) समग्र अनुगमन प्रतिवेदन सुधार र पृष्ठ पोषणको लागि हुनुपर्ने र योजना स्थलमा गरिने अनुगमन विधि-: देहाय बमोजिम अनुगमन विधिहरु अवलम्बन गरिनु पर्दछ-

I. योजना र कार्यक्रमको निरीक्षण/अवलोकन ।

II. योजना संचालनमा संलग्न प्राविधिकहरुसंग प्रश्नोत्तर ।

III. उपभोक्ता समितिका पदाधिकारी र सर्वसाधारण जनतासंग अन्तरवार्ता र छलफल ।

अनुगमन समितिले आफनो प्रारम्भिक प्रतिवेदन सम्बन्धित निकायको उपयुक्त बैठकमा प्रस्तुत गरी आवश्यक छलफलबाट प्राप्त सुझाव तथा निष्कर्ष समावेश गरी स्थानीय सञ्चार माध्यममा सर्वसाधारणको जानकारीको लागि प्रचार प्रसार गर्ने ।

## अनुसूचि १

## गाउँपालिका स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति अनुगमन फाराम

मितिः .......................

| क्र.स. | वडा नं. | आयोजना/ कार्यक्रमका नाम | आयोजना स्थल | विनियोजित बजेट रकम | कार्यान्वयन प्रकृया (ठेक्का वा उ.स.) | आयोजना सूचनापाटी | हालसम्मको प्रगती प्रतिशत | हालको अवस्था | सुझावहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |



नरबहादुर पुन
अध्यक्ष

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
नेपाल

## अनुसूचि २

## सानीभेरी गाउँपालिकाले गैरसरकारी संस्थाहरुको कार्यक्रम अनुगमन जाँच सुची

अनुगमण मितिः ......................

कार्यक्रम संचालन गर्ने संस्थाको नामः ...................................................

संस्थाको ठेगानाः ..........................................................................

| सि. न. | सुचकहरु | विवरण | कैफियत |
|---|---|---|---|
| क- | **संस्था सम्बन्धी विवरण** | भएको | नभएको |
| १ | सस्था नवीकरण | | |
| २ | संस्था प्रमुखको नाम | | |
| ३ | संचालन गरेको परियोजना | | |
| ४ | कर्मचारी संख्या | | |
| ५ | अनुगमन गरीने कार्यक्रमको नाम | | |
| ६ | कार्यक्रमको बजेट | | |
| ७ | सहयोग गर्ने निकाय | | |
| ८ | कार्यक्रम शुरु भएको मिति | | |
| ९ | कार्यक्रम सम्पन्न गरी सक्नु पर्ने मिति | | |
| १० | भौतिक लक्ष्य | | |
| ख- | **कार्यक्रम कार्यान्वयण प्रक्रिया** | | |
| | कार्यक्रम मागमा आधारित | | |
| | गाउँ/नगर/जिल्ला/परिषदबाट स्वीकृत | | |
| | जिल्ला समन्वय समिति | | |
| | **संस्थाले गरेको मुल्य लगानीहरु** | | |
| | १ | | |
| | २ | | |
| ग- | कार्यक्रम प्रति लक्षित समुहको धारणा | भएको | नभएको |
| | पारदर्शिता/सामाजिक लेखा परिक्षण | | |
| | कार्यतालीका अनुसार कार्यान्वयन | | |
| | कार्यक्रमबाट लाभ प्राप्त | | |
| | लाभान्वितहरुको समुह/सदस्य | | |
| | कार्यक्रमबाट लाभ पाउने संख्या | | |

सानीभेरी गाउँपालिका



नरबहादुर पुन
अध्यक्ष

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
नेपाल
२०७३

## अनुसूचि ३

### सूचकहरु-

| सि. न. | सुचकहरु | विवरण | कैफियत |
|---|---|---|---|
| | दलित | | |
| | जनजाती | | |
| | पिछडावर्ग | | |
| | मुस्लिम | | |
| | अन्य | | |
| **क्र.स.** | **कार्यक्रम बाट संवन्धित स्थलगत अनुगमनमा देखिएका सुधार गर्नुपर्ने पक्षहरु** | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| क्र.स | अनुगमनमा संलग्न व्यक्तिहरुको नाम / ठेगाना | हस्ताक्षर | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

**नोटः प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै अनुगमन गरी यस ढाँचामा प्रतिवेदन गाउँ कार्यापालिकामा पेश गर्नु पर्नेछ ।**

सानीभेरी गाउँपालिका

नरबहादुर पुन
अध्यक्ष